## आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी

# जानकारी पत्र

२०७१

महिला, कानुन र विकास मञ्च (FWLD)

प्रकाशन नं. १८१

# १. आर्थिक तथा सामाजिक अधिकार

आर्थिक तथा सामाजिक अधिकारले मानव जीवनका महत्वपूर्ण तत्व जस्तै मर्यादा, स्वतन्त्रता लगायत स्वास्थ्य, शिक्षा, खाना, पानी, सरसफाइ, आवास, सामाजिक सुरक्षा, स्वच्छ वातावरण तथा सांस्कृतिक तत्वहरूलाई समाविष्ट गर्दछ । यी अधिकारहरूलाई आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र (ICESCR) ले मानव अधिकारकै मान्यता प्रदान गरेको छ । आर्थिक तथा सामाजिक अधिकारले दुईवटा स्वतन्त्रतालाई समेटेको पाइन्छः **(१) राज्यबाटको स्वतन्त्रता र (२) राज्यमार्फतको स्वतन्त्रता** । उदाहरणः राज्यबाटको स्वतन्त्रता भन्नाले - पर्याप्त आवासको अधिकार अन्तर्गत राज्यका निकायहरूबाट जबरजस्ती हटाउन नपाउने/नमिल्ने व्यवस्था हो । त्यसैगरी राज्यमार्फतको स्वतन्त्रता भन्नाले पर्याप्त आवासको लागि आवश्यक सहयोग राज्यले प्रदान गर्नुपर्ने व्यवस्था हो । मानवअधिकारका रूपमा रहेको आर्थिक तथा सामाजिक अधिकारले राज्य तथा गैर राज्य पक्षहरूलाई विश्वव्यापी रूपमा रहेका मान्यताअन्तर्गत यी अधिकारका उल्लंघनका लागि जवाफदेहिता सिर्जना गर्दछ र साथै आर्थिक र सामाजिक न्याय, राजनीतिक सहभागिता र समानताको परिचालनका लागि सामान्य रूपरेखा पनि तयार गर्दछ ।

# २. आर्थिक तथा सामाजिक अधिकारको महत्व

२.१. आर्थिक तथा सामाजिक अधिकारको उल्लंघनले धेरै नकारात्मक प्रभाव पार्न सक्दछ । जबरजस्ती विस्थापन वा निष्काशनले घरवारविहीन बनाउने, जनजीवनमा क्षति पुऱ्याउने, व्यक्तिको सामाजिक सञ्जालको विनाश हुने साथै नकारात्मक मनोवैज्ञानिक प्रभाव पर्ने खतरा रहन्छ । यतिमात्र नभईकन आर्थिक तथा सामाजिक अधिकारको खण्डनले ठूलो जनसंख्यामा पनि नकारात्मक प्रभाव पार्दछ ।

२.२. आर्थिक तथा सामाजिक अधिकारको उल्लंघनले द्वन्द्व सिर्जना पनि गर्दछ । जस्तैः जातिय हत्या, जातिय सफाइ, भोकमरी आदि । यी अधिकारको

प्रयोग गर्दा पद्धतिबद्ध भेदभाव र असमानतालाई सम्बोधन गर्न नसकेमा द्वन्द्व पुनःस्थापनाको अवस्थालाई कमजोर बनाउँदछ ।

२.३ आर्थिक तथा सामाजिक अधिकारको खण्डनले अन्य मानव अधिकारको उल्लंघनलाई प्रेरित गर्छ । उदाहरणका लागि शिक्षाबाट वन्चित व्यक्तिलाई रोजगारी, राजनीतिक सक्रियता अथवा वाक स्वतन्त्रताबाट समेत वन्चित रहनुपर्छ । महिला अधिकार अन्तर्गतको पर्याप्त आवासको सुरक्षा प्रदान गर्न असमर्थ भएमा महिलाहरूमा घरेलु हिंसाबाट पीडित हुने खतरा रहन्छ, जहाँ उनलाई अपमानजनक सम्बन्ध वा घरवारविहीन हुनु मध्ये एक अवस्था स्वीकार्नुपर्ने बाध्यता रहन्छ ।

# ३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र (ICESCR) अन्तर्गत आर्थिक तथा सामाजिक अधिकार

## /f]huf/Lsf]clwsf/ -wf/f ^, &, * / !)_

रोजगारीको अधिकार भन्नाले सुरक्षित र स्वस्थ वातावरणमा आफ्नो इच्छा अनुरूपको काम गरी मर्यादित ढंगले जीविकोपार्जन गर्न पाउने, समान ज्याला प्रदान गरी आफू र आफ्नो परिवारको सभ्य जीवन विताउन पाउने अधिकार हो । यसले समान कार्यलाई समान पारिश्रमिक दिइनुपर्छ भन्ने सिद्धान्तलाई मान्यता दिएको छ । रोजगारीको अधिकारले ट्रेड युनियनको गठन र आबद्धताको अधिकार पनि सुनिश्चित गरेको छ ।

## ;fdflhs ladf ;lxt sf] ;fdflhs ;'lff -wf/f (_

यो अधिकारले मर्यादित जिवनका लागि आवश्यक न्यूनतम सामग्री तथा सेवा प्रदान गरिने सुनिश्चितता व्यक्त गर्दछ । आफ्नो राज्यका नागरिकलाई भेदभावरहित रोजगारी, आय, स्वास्थ्य उपचारमा सहज पहुँच र पारिवारिक टेवा पुऱ्याउन उचित सुरक्षा दिने जिम्मेवारी राज्यको हुन्छ । समाजका सबै निकाय साथै युवा, वयस्क, वृद्ध र जातीय तथा धार्मिक अल्पसंख्यकलाई सक्षम बनाइ उनीहरूको आवश्यकता र पर्याप्तताको पूर्ती सरकारले गर्नुपर्दछ ।

## kof{t hLjg:t/sf]clwsf/ -wf/f !!_

यस अधिकारले जीवनस्तरको पर्याप्तताको अधिकार सुनिश्चित गर्दछ । यो अधिकारले पर्याप्त गाँस, वास र कपास तथा जीवनस्तरको निरन्तर सुधारलाई समेट्दछ तर यो यत्तिमै मात्र सीमित भने छैन । यो अधिकार अन्तर्गत व्यक्ति र घरेलु प्रयोगका लागि पर्याप्त मात्रामा खानेपानीमा सबैको पहुँच हुनुपर्ने कुरा पनि पर्दछ । यस अधिकारको पूर्ण उपभोगद्वारा नागरिकहरूले सुलभ, सफा पानीको भौतिक पहुँच प्राप्त गर्दछन् । स्वच्छ पानीमा मानिसको पहुँच नहुन्जेलसम्म स्वास्थ्य, खाना र आवासको अधिकार प्राप्त गर्न सकिन्न ।

## u0f:t/Lo zf/Ll/s tyf dfgl;s :jf:Yo clwsf/ -wf/f !@_

स्वास्थ्यको अधिकार मर्यादित जीवनयापनका लागि चाहिने हरेक व्यक्तिको मौलिक हक हो । यस अधिकारमार्फत व्यक्तिले उत्कृष्ट सेवा प्राप्त गर्नुपर्ने व्यवस्था छ, साथै यसले स्वस्थ जीवन बाँच्नका लागि आवश्यक सम्पूर्ण सामग्री र सेवामा व्यक्तिको पहुँच हुनुपर्ने कुरामा जोड दिन्छ ।

## lzIffsf]clwsf/ -wf/f !# / !$_

शिक्षाको अधिकारलाई आफैमा एक पूर्ण र महत्वपूर्ण अधिकारका रूपमा लिइन्छ र यसलाई व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक सहभागिताको प्रमुख माध्यमका रूपमा पनि लिइन्छ । यसका दुई प्रमुख तत्वहरु छन्:

(१) भेदभाव विना र समानताका आधारमा शिक्षामा सबैको पहुँच र

(२) शिक्षाको प्रकार रोज्न पाउने स्वतन्त्रता तथा निःशुल्क प्राथमिक शिक्षाको अधिकारको सुनिश्चितता ।

यसले आयको भेदभाव हटाई विद्यालय नजाने प्रवृत्तिलाई निरूत्साहित गर्दछ ।

## ;f+s[ts hLjgdf efu lng]/ j}1flgs kµlt sf]nfe p7fpg kfpg] clwsf/ -wf/f !%_

कुनै पनि व्यक्तिको खुलेर पहिचान बनाउन पाउने, आफ्नो धर्म रोज्न पाउने र आफ्नो राजनैतिक धारणा बनाउन पाउने अधिकार हुन्छ । शिक्षाले कुनै पनि व्यक्तिलाई सांस्कृतिक, वैज्ञानिक जीवनमा सकृय रूपमा सहभागी हुन आवश्यक सीप र ज्ञान प्रदान गर्दछ । सरकारले आफ्नो नागरिकको सांस्कृतिक विविधता पहिचान गरी त्यसको रक्षा गर्नुपर्दछ । कुनै पनि विशेष समूह विरूद्ध भेदभाव गर्न होस् वा मानव अधिकारको उल्लंघन गर्नका लागि होस्, सांस्कृतिक अधिकारलाई बहानाको रूपमा लिन सकिन्न ।

## ४. व्यक्तिगत अधिकारका रूपमा आर्थिक तथा सामाजिक अधिकार

व्यक्तिगत अधिकारका रूपमा आर्थिक तथा सामाजिक अधिकार हरेक मानव जातिको अन्य अधिकारसरह जन्मसिद्ध अधिकार हो । तैपनि आर्थिक तथा सामाजिक अधिकारलाई कहिलेकाहीं सामूहिक प्रकृतिको रूपमा व्याख्या गर्ने गरिन्छ । व्यक्तिगत र सामूहिक अधिकारका प्रकृतिमा हुने अन्यौलताका कारण आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्नका लागि सामूहिक सार्वजनिक प्रयास र अधिकारसँग आधारित नीतिहरूको विकास गर्न आवश्यक छ । उदाहरणका लागि आर्थिक स्थितिका कारण प्राथमिक शिक्षाबाट वन्चित हुने बालबालिकाहरूको शैक्षिक अधिकार सुनिश्चित गर्न राज्यले नि:शुल्क प्राथमिक शिक्षाको व्यवस्था गर्न जरूरी छ । यद्यपि यो तथ्यले कुनै पनि एक बालबालिकालाई शिक्षाको अधिकार दावी गर्नबाट वञ्चित गर्दैन । यी अधिकारहरूलाई सामुहिक अधिकारको रूपमा व्याख्या गरेता पनि आर्थिक तथा सामाजिक अधिकार व्यक्तिगत अधिकार पनि हो ।

## ५. आर्थिक तथा सामाजिक (ESR) र नागरिक र राजनीतिक अधिकार (CPR)

विगतका समयमा आर्थिक तथा सामाजिक अधिकारलाई नागरिक र राजनीतिक अधिकार भन्दा मौलिक रूपमा भिन्न मानिन्थ्यो । वास्तवमा सबै मानव अधिकारको उपभोग एक अर्कामा सम्बन्धित रहन्छ । अर्थात ESR र CPR लाई काम गर्न एक अर्काको आवश्यकता पर्दछ र यिनले छुट्टाछुट्टै काम गर्न सक्दैनन् । उदाहरणका लागि पढ्न र लेख्न नजान्ने व्यक्तिलाई काम पाउन, राजनीतिक गतिविधिमा सहभागी हुन वा वाक स्वतन्त्रता अभ्यास गर्न सामान्यतया कठिनाई हुने गर्छ । यसका कारण नागरिक सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारहरूलाई संयुक्त रूपमा उल्लेख गर्न भनै सहज हुन्छ ।

## ६. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र (ICESCR) अन्तर्गत राज्यको दायित्व




राज्यका नियकाहरूले यी आधारभूत अधिकारको पहुँचमा भेदभाव हुनबाट रोक्नु पर्दछ । अधिकतम उपलब्ध स्रोतका आधारमा आर्थिक तथा सामाजिक अधिकार उपभोग गर्नेतर्फ प्रगतिशील कदम चाल्नुपर्दछ, न्यूनतम प्रमुख दायित्वलाई प्राथमिकता दिनुपर्छ र कुनै गैरन्यायिक कदमहरु नउठाइने कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ ।

## ७. प्रगतिउन्मुख कार्यान्वयन

प्रगतिउन्मुख कार्यान्वयनको धारणाले अन्तर्राष्ट्रिय मानवअधिकारका सन्धीहरु अर्न्तगतको आर्थिक तथा सामाजिक अधिकारसँग सम्बन्धित राज्यको दायित्वको प्रमुख पक्षको व्याख्या गर्दछ । मुख्यतया अधिकतम उपलब्ध स्रोतको आधारमा आर्थिक तथा सामाजिक अधिकारको पूर्ण उपभोग गर्न उपयुक्त कदम चाल्नु नै राज्यको दायित्व हो । स्रोतको उपलब्धताले यी अधिकारको अभ्यासलाई प्रभाव पार्ने भएकोले यसलाई क्रमगत रूपमा हासिल गर्न सकिन्छ भन्ने मान्यता छ । आर्थिक र अन्य उपलब्ध स्रोतको आधारमा यी अधिकारको सुनिश्चित गर्न राज्यले उपयुक्त कदम चाल्न सक्दछ । आर्थिक तथा सामाजिक अधिकारको पूर्ण उपभोग गर्नका

निम्ति उपयुक्त कदम चाल्न सन्धीहरूले समेत प्रोत्साहन गर्दछ । आवश्यक स्रोतको अभावले यी अधिकार कार्यान्वयन गर्न आवश्यक कदम चाल्न ढिलाई गर्नु हुँदैन ।

## ८. लैंगिक अधिकार र आर्थिक तथा सामाजिक अधिकारको सम्बन्ध

आर्थिक तथा सामाजिक अधिकारको थुप्रै पक्षसँग लैङ्गिक सम्बन्ध हुन्छ । पहिलो, महिला र पुरूषले आर्थिक तथा सामाजिक अधिकार छुट्टाछुट्टै प्रकारले अनुभव गरेका हुन सक्दछन् । जस्तैः कतिपय मुलुकहरूमा विद्यालयबाट निस्किएका बालकहरूको संख्या बालिकाहरूभन्दा धेरै हुने गर्दछ । किनकी उनीहरूका अभिभावकको आफ्नो छोराहरूले घरको आर्थिक अवस्थामा सहयोग पुऱ्याउँछ भन्ने धारणा हुने गर्दछ । केही अवस्थाहरूमा विद्यालय छोड्ने संख्या बालिकाहरूको धेरै हुने गर्दछ, जसका प्रमुख कारण : बालविवाह र गर्भवती अवस्था, विद्यालयमा हुने यौन हिंसा अथवा घरमा सहयोग गर्ने अभिभावकको अपेक्षा हुनसक्छ । दोस्रोः जहाँ महिला विरूद्ध भेदभाव जरो गाडेर बसेको हुन्छ त्यहाँ आर्थिक तथा सामाजिक अधिकार पनि प्रभावित भएको हुन्छ । कतिपय देशहरूमा महिलालाई भन्दा पुरूषलाई बढी प्राथमिकता दिनाले महिलाहरूले आवश्यक खाना वा शिक्षा समेत नपाउने अवस्था छ । विवाह, पैतृक सम्पत्तिको अधिकार र कानूनी पहिचानमा हुने असमानताले महिलालाई स्रोत उपभोग गर्न बन्चित गराउँदछ र आर्थिक तथा सामाजिक अधिकार स्वतन्त्र रूपमा उपभोग गर्नबाट समेत बन्चित गराउँदछ ।

## ९. संक्रमणकालिन अवस्थामा आर्थिक तथा सामाजिक अधिकार

संक्रमणकालिन अवस्था, विपति वा सशस्त्र द्वन्द्वको समयमा आर्थिक तथा सामाजिक अधिकारसँग सम्बन्धित राज्यको दायित्व कम गर्न मानवअधिकार अन्तर्गत कुनै पनि अनुमति दिइएको हुँदैन । अझ यस्तो अवस्थामा विशेष गरी सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक अधिकार बचाउन बढी ध्यान दिनुपर्दछ । उदाहरणका लागि द्वन्द्वका क्रममा सार्वजनिक, भौतिक संरचना ध्वस्त पार्ने या ठूलो संख्यामा सर्वसाधारण विस्थापित गर्नु जस्ता कार्य द्वन्द्वका प्रमुख माध्यमका रूपमा लिने गरिन्छ, जसका कारण भोकमरी, खाद्य भण्डारमा अनावश्यक हस्तक्षेप, खेतीयोग्य जमिन नष्ट हुनु र राहत वितरणमा प्रभाव पर्ने खालका क्रियाकलाप हुने गर्दछ । त्यसैले आर्थिक तथा सामाजिक अधिकारको सम्बोधनले द्वन्द्व र विपतिबाट बच्न र पुर्नउत्थान गर्न मद्दत गर्दछ ।

## १०. आर्थिक तथा सामाजिक अधिकारको उत्थान र रक्षा

आर्थिक तथा सामाजिक अधिकारबारे जनचेतना फैलाउन राज्यका विभिन्न पक्षहरूको निकै महत्वपूर्ण भूमिका हुने गर्दछ । आर्थिक तथा सामाजिक अधिकारको सम्मान, रक्षा र पूर्ति गर्नु राज्यको प्रमुख दायित्व हो । राज्यको विभिन्न अंगहरु (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) ले विभिन्न भूमिका खेल्दछन् । साथै नागरिक समाज (गैर सरकारी संस्था, मानवअधिकारकर्मी, शिक्षाविद्हरु), निजी क्षेत्रका साथै राष्ट्रिय मानवअधिकार संस्थाहरु, दाता राज्यहरु र अन्तर्राष्ट्रिय संस्थहरु सबैले आर्थिक तथा सामाजिक अधिकार प्रवर्द्धन र रक्षा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । संचार माध्यमले मानवअधिकारमाथि सार्वजनिक छलफलका लागि र मानवअधिकाबारे सूचना प्रवाह गर्न र जनचेतना फैलाउन मञ्च प्रदान गर्न सक्दछन् ।

## ११. आर्थिक तथा सामाजिक अधिकार र यसका अनुगमन गर्ने निकाय

आर्थिक तथा सामाजिक अधिकारको कार्यान्वयनको निरीक्षण गर्ने मुख्य सन्धी निकाय आर्थिक तथा सामाजिक अधिकार समिति हो । मानवअधिकारको प्राकृतिक मनन् गर्ने जस्तैः तिनीहरूको पारस्परिक निर्भरता र वैयक्तिकता अन्य सन्धी अंगहरूले (जसको मुख्य ध्यान आर्थिक तथा सामाजिक अधिकार होइन) आर्थिक तथा सामाजिक अधिकार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुगमन गर्ने गर्दछ । जस्तैः स्वास्थ्यको अधिकार र खाद्य अधिकार, जीवन अधिकार या अमानविय अधिकार र अपमानजक अधिकारको निषेधज्ञाको सम्बन्धमा अनुगमन गरिएको छ । सन्धी निकायहरूले प्रतिक्रिया, उजुरी जाँच र सोधपुछमार्फत राज्यले यी अधिकार कार्यान्वयन गरे/नगरेको, अधिकार र दायित्व प्रष्ट भए/नभएको बारे प्रतिवेदनहरु सामयिक रूपमा समीक्षा गर्ने गर्दछ । यसबाहेक विशेष र्‍यापोर्टर जस्ता विशेष जनादेशवाहकहरूले आर्थिक तथा सामाजिक अधिकार सम्बोधन गर्ने विशेष प्रकृयाहरु रहेका छन् । यस्ता र्‍यापोर्टरहरूले मानवअधिकारबारे जाँच, अनुगमन र सल्लाह प्रदान गर्दछन् भने विभिन्न देशमा हुने भ्रमणका क्रममा मानवअधिकारसम्बन्धी अधिकार कार्यान्वयन भए/नभएको अनुगमन गरी व्यक्तिगत उजुरीलाई सम्बोधन समेत गर्ने गर्दछन् । अफ्रिका, अमेरिका र युरोपमा आर्थिक तथा सामाजिक अधिकार कार्यान्वयन भए नभएको अनुगमन गर्ने क्षेत्रीय निकायहरु छन् ।

## १२. आर्थिक तथा सामाजिक अधिकारको कानुनी उपचार (Justiciability)

आर्थिक तथा सामाजिक अधिकार न्याय कार्यान्वयन गर्ने विषय बन्न सक्छ भन्ने कुरा आर्थिक तथा सामाजिक अधिकार अवलम्बन गर्ने विश्वका सबै देशका अदालतका निर्णयहरूले देखाउँछ । मानवअधिकारको न्यायिक कार्यान्वयन गर्नु आवश्यक छ । उपचारको हक विनाको अधिकारले त्यो वास्तवमा अधिकार हो कि होइन भन्ने प्रश्न खडा गर्दछ । त्यसैले न्यायिक कार्यान्वयनको स्पष्ट भूमिका भनेको यी अधिकारको विकास गर्ने, अधिकार उल्लंघन हुँदा उपचारको खोजी गर्ने र व्यवस्थित संस्थागत परिवर्तन गर्न नेतृत्व गर्न सक्ने परिक्षण मुद्दाका निर्णयहरू प्रदान गर्ने हुन् ।

# आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गरौं ।

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३, ४२३३५२४, ४२३३५२५
फ्याक्स : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com.np
Website : www.fwld.org

यो प्रकाशन **The Ford Foundation** को सहयोगमा प्रकाशित गरिएको हो ।